मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

## सांसद अन्सारीको आरोपविरुद्ध उभियो एसोसियसन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नेशनल मेडिकल कलेजका सम्बन्धमा प्रतिनिधिसभामा सांसद रहबर अन्सारीले लगाएको आरोपप्रति नेपाल निजी मेडिकल तथा डेण्टल कलेज एसोसिएसनले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।
एसोसिएसनले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै कुनै प्रमाण विना सार्वजनिक रूपमा दोषी ठहर गर्ने गरी अभिव्यक्ति नदिन आग्रह गर्दै निष्पक्ष र पारदर्शी छानबिनको माग गरेको छ। तथ्य र प्रमाणविना संसद्जस्तो गरिमामय थलोमा संस्थाको प्रतिष्ठामा आँच आउने गरी बोलिएको भन्दै एसोसिएसनले आपत्ति जनाएको छ।
आरोपलाई स्थापित तथ्यका रूपमा प्रस्तुत गर्दा विद्यार्थीको भविष्य, चिकित्सकहरूको पेशागत प्रतिष्ठा र बिरामीको विश्वासमा गम्भीर असर पर्ने विज्ञप्तिमा उल्लेख छ।

वर्ष ४ • अंक २९९ • २०८३ साल असोज १९ गते सोमबार • Monday 05, October 2026 • सूर्योदयः बिहान ०५:५८ बजे • सूर्यास्तः साँझ ०५:४५ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# रकमसहित घुमुवा समातिएको विषयमा तानिए प्रहरी निरीक्षक अधिकारी

## डिएसपीको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन

### प्रतिवेदनअनुसार कारबाही हुनेछः डिआइजी

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआइजी) ओमप्रसाद अधिकारीले प्रहरी संगठनमा विवाद ल्याउने अधिकारीहरु कारबाहीको दायरामा आउने बताएका छन्। आइतबार साँझ मधेशदृष्टिसँगको कुराकानीमा डिआइजी अधिकारीले प्रहरी संगठन बदनाम गराउनेहरुलाई कारबाहीमा कुनै कसर बाँकी नराखिने बताए।

'प्रहरी निरीक्षकसहित केही प्रहरीहरुको विषय सतहमा आएपछि जिल्लास्तरमा छानबिन समिति बनेको खबर आएको छ, प्रतिवेदन आएपछि थप कारबाहीको प्रक्रिया अघि बढ्नेछ,' अधिकारीले भने, 'संगठन बदनाम गर्नेहरुलाई छुट हुनेछैन, कारबाही गरिनेछ।' उनले प्रहरी संगठनलाई परिवर्तित अवस्थामा चुस्तदुरुस्त ढंगले नेतृत्व गर्ने अधिकारीहरुलाई अवसर हुने र बदमासी गर्नेहरु कारबाही भोग्दै जानेमा शंका नगर्न पनि आग्रह गरे।



**मधेशदृष्टि**
**वीरगंज।**
असुली धन्दामा लागेको खुलेपछि पर्साको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीसहित तीन प्रहरीलाई जिल्ला प्रहरी कार्यालय पर्साले छानबिनमा तानेको छ।
लागुऔषध मुद्दाका फरार अभियुक्तलाई नियन्त्रणमा लिएर एक लाख रुपैयाँ रकम असुल गरी मुक्त गरेको अभियोग प्रहरी निरीक्षक अधिकारीमाथि लागेको छ। पटेर्वा सुगौलीका प्रहरी निरीक्षक अधिकारीसँगै प्रहरी हवल्दार दीपक राउत र प्रहरी जवान पप्पु पण्डितलाई जिल्ला प्रहरी कार्यालय पर्सामा तानिएको हो।
असोज १३ गते साँझ सखुवा प्रसौनी गाउँपालिका वडा नं. १ मधवन मथौल निवासी लक्ष्मण सहनीलाई इप्रका पटेर्वा सुगौलीले नियन्त्रणमा लिएको थियो। प्रहरी निरीक्षक अधिकारीले घुमुवा प्रहरी पप्पु पण्डितमार्फत सहनीको आफन्तजनबाट एक लाख रुपैयाँ नगद र केही रहु माछा लिएर सहनीलाई मुक्त गरिदिएको खुलासा भएको थियो। यो विषय जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक पवन भट्टराईले थाहा पाएपछि घुमुवा पण्डितलाई सोही दिन नगदसहित नियन्त्रणमा लिइएको थियो।
उनकै बयानको आधारमा प्रहरी निरीक्षक अधिकारी र हवल्दार राउतलाई पनि जिल्लामा तानेर छानबिन सुरु गरिएको जिल्ला प्रहरी पर्सा स्रोतले जनाएको छ।
घटनाको विस्तृत अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पर्साले प्रहरी नायब उपरीक्षक राजु कार्कीको नेतृत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेको छ।
अनुसन्धान पूरा भएपछि समितिले तयार पार्ने प्रतिवेदनसहित तीनै जनामाथि थप कारबाहीका लागि प्रदेश प्रहरी कार्यालय र प्रहरी प्रधान कार्यालयमा पठाउने तयारी रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

**के थियो प्रकरण ?**
इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीमा कार्यरत प्रहरी अधिकारी र उनले खटाएका घुमुवा प्रहरीको कार्यशैली छताछुल्ल भएको थियो एउटा विषय बाहिरिएपछि। प्रहरी निरीक्षक समुन्नत अधिकारीले आफ्ना मातहत परिचालन गरेका घुमुवा प्रहरी पप्पु पण्डित १ लाख रुपैयाँ अवैध रकम असुलीको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्सा तानिएपछि प्रहरीको आन्तरिक कमान्ड र नियन्त्रणबारे समाचार चुहिएको थियो।
पण्डित केही दिनदेखि जिल्लाको नियन्त्रणमा रहेको यसअघि पनि प्रहरी निरीक्षक अधिकारीले सादा पोसाकमा परिचालन गरेका प्रहरी जवान श्रीलाल मण्डल र सुशील मण्डल गैरकानुनी रकम असुलीको आरोपमै जिल्ला तानिएको घटना दोहोरिएको थियो।
लगातार तेस्रो पटक उस्तै आरोपमा घुमुवा कारबाहीमा परेपछि पटेर्वा सुगौलीमा प्रहरीको बदनामी र आचरणगत समस्यामा प्रहरी निरीक्षक समुन्नत अधिकारी पनि कारबाहीको दायरामा किन नल्याउने भन्ने समाचार मधेशदृष्टिले प्रकाशन गरेको थियो।
उता, प्रहरी निरीक्षक अधिकारीको असुली आतंकविरुद्ध जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक पवन भट्टराईले सुइँको पाएपछि प्रहरी निरीक्षक अधिकारी जोगिन खोज्दैथिए।

- **एक लाख असुली र रहु माछाको प्रसङ्ग**

असोज १३ गते साँझ सखुवा प्रसौनी गाउँपालिका–१, मधुवनमथवलका स्थानीय लक्ष्मण सहनी घरनजिकैको पोखरीमा माछालाई अक्सिजन दिने व्यवस्था मिलाउँदै थिए। सोही क्रममा मनवा बजारबाट फर्किंदै गरेका प्रहरी निरीक्षक समुन्नत अधिकारीले सहनीलाई प्रहरी चौकी रंगपुर जान भनेका थिए।
सहनीले कारण सोध्दा, उनका छोराविरुद्ध 'चेक बाउन्स' को उजुरी परेकाले छलफल गर्नुपर्ने जवाफ दिइयो। आफूविरुद्ध कुनै आधिकारिक उजुरी नरहेको भन्दै सहनीले जान अस्वीकार गरेपछि निरीक्षक अधिकारीले 'नआए हतकडी लगाएर लैजाने' चेतावनी दिए। दबाबपछि सहनी प्रहरी चौकी रंगपुर पुगे।
चौकीमा पु¬याएपछि सहनीलाई छुटाउन आफन्तहरूसँग १ लाख रुपैयाँ माग गरिएको थियो। रकम घुमुवा प्रहरी पप्पु पण्डितमार्फत बुझाइएको र पछि रकम पण्डितको कब्जाबाटै बरामद भएको दाबी गरिएको छ।
रकम इन्स्पेक्टर अधिकारीसमक्ष पुग्नुअघि नै रंगपुरका एक प्रहरी कर्मचारीले जिल्ला प्रहरी प्रमुख पवन भट्टराईलाई सूचना दिएपछि यो घटना सतहमा आएको हो।
सहनीको पोखरीबाट प्रहरीले रहु माछा पनि लगेका थिए। जिल्लाबाट पक्राउ गर्न तथा अनुसन्धान गर्न आदेश आएको भन्दै नामावली देखाएर प्रहरी निरीक्षक अधिकारीले असुली गरिरहेको विषयले प्रहरी प्रशासनको चर्को आलोचना भएको थियो।

# जनमतमा सिके राउत अध्यक्षमा निर्विरोध



**मधेशदृष्टि**
**वीरगंज।**
जनमत पार्टीको अध्यक्षमा डा. सिके राउत पुनः निर्विरोध निर्वाचित भएका छन्। वीरगंजमा सम्पन्न पार्टीको दोस्रो महाधिवेशनअन्तर्गत भएको निर्वाचनमा राउतले ९ सय ५८ मत प्राप्त गर्दै अध्यक्ष पद सुरक्षित गरेका हुन्। अध्यक्ष पदमा राउतको एकल उम्मेदवारी परेको भए पनि मतदान गर्नै पर्ने र कुले सदर मतको कम्तीमा २० प्रतिशत मत ल्याउनुपर्ने पार्टीको विधानमा व्यवस्था छ।
निर्वाचित अन्य पदाधिकारीहरूमा उपाध्यक्ष ७ जनामा ११ जनाले प्रतिस्पर्धा गरेका थिए। उपाध्यक्षमा अनिताकुमारी मण्डल, अनितादेवी साह, नरेन्द्रप्रसाद चौधरी, बसन्तकुमार कुशवाहा, डा. जयकान्त राउत, राज कुमार यादव र माधवप्रसाद सिंह विजयी भएका छन्। त्यसैगरि महासचिवमा सिरहाका सञ्जयकुमार यादव ६ सय १८ मत प्राप्त गरी निर्वाचित भए। उपमहासचिवमा सिरहाकै निर्मलकुमार मण्डल विजयी भएका छन। सचिव ७ जनामा ९ जनाको उम्मेदवारी परेको थियो। सचिवमा सुरेन्द्र शर्मा, पारसप्रसाद साह, सन्तोष राज सहनी, अन्जनी देवी, राधाकुमारी यादव, हरेन्द्र चौधरी र बालगोविन्द चौधरी चुनिएको जनमत दोस्रो महाधिवेशन निर्वाचन समितिले जनाएको छ।

# प्रतिव्यक्ति १ हजार डलर आय पुऱ्याउने लक्ष्य अधुरै

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले पहिलो पञ्चवर्षीय आवधिक योजनामार्फत पाँच वर्षभित्र प्रदेशको प्रतिव्यक्ति आय १ हजार अमेरिकी डलर पु¥याउने लक्ष्य राखे पनि उक्त लक्ष्य पूरा हुन सकेन। प्रदेशले लक्ष्य लिएको सात वर्ष पुगिसक्दा पनि प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार डलरभन्दा तलै रहेको तथ्यांकले देखाएको छ।
पहिलो पञ्चवर्षीय आवधिक योजनाको आधारपत्र, २०७६ मा मधेश प्रदेशको प्रतिव्यक्ति आय पाँच वर्षमा १ हजार अमेरिकी डलर पु¥याउने लक्ष्य निर्धारण गरिएको थियो। तर, आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९४७ अमेरिकी डलर मात्रै पुगेको छ।
राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ५१३ अमेरिकी डलर र मधेश प्रदेशको ९३४ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान गरिएको थियो। डलरको सटही दरमा भएको वृद्धिका कारण अघिल्लो आर्थिक वर्षको तुलनामा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन केही घटेको देखिएको हो।
तथ्यांक कार्यालय धनुषाका प्रमुख शिवनारायण महतोका अनुसार आर्थिक वर्ष २०७५÷७६ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार २०४ अमेरिकी डलर हुँदा मधेश प्रदेशको ७५५ डलर थियो। त्यसपछि आर्थिक वर्ष २०७६/७७ मा नेपालमा १ हजार १६७ र मधेशमा ७३५ डलर, २०७७/७८ मा नेपालमा १ हजार २७७ र मधेशमा ८०९ डलर तथा २०७८/७९ मा नेपालमा १ हजार ४४१ र मधेशमा ८८५ डलर पुगेको थियो।
यस्तै, आर्थिक वर्ष २०७९/८० मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ३९४ अमेरिकी डलर हुँदा मधेश प्रदेशको ८७१ डलर थियो। आर्थिक वर्ष २०८०/८१ मा नेपालमा १ हजार ४५६ र मधेशमा ९११ डलर पुगेको थियो। आर्थिक वर्ष २०८१/८२ मा नेपालको १ हजार ५१६ डलर पुग्दा मधेश प्रदेशको ९४७ डलर रहेको तथ्यांक छ।
यसरी हेर्दा सात वर्षको अवधिमा मधेश प्रदेशको प्रतिव्यक्ति कुल ग्राहस्थ्य उत्पादन ७५५ डलरबाट बढेर ९४७ डलर पुगे पनि पञ्चवर्षीय योजनाले तय गरेको १ हजार डलरको लक्ष्य भने पूरा हुन नसकेको हो।
महतोका अनुसार प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनले प्रदेशको कुल उत्पादनलाई मध्यसमयको जनसंख्याले भाग गर्दा प्रत्येक व्यक्तिको भागमा पर्ने उत्पादनको औसत मूल्य देखाउँछ। यो प्रदेशको आर्थिक अवस्था तथा समृद्धि मापन गर्ने महत्वपूर्ण सूचकका रूपमा प्रयोग हुन्छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनसँगै आर्थिक वृद्धिदरलाई आधार बनाएर प्रदेशको समृद्धिको अवस्था विश्लेषण गर्न सकिने उनले बताए।
राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ६१ खर्ब ७ अर्ब रुपैयाँ रहने अनुमान थियो। सोही वर्ष मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ८ खर्ब ४ अर्ब रुपैयाँ रहने अनुमान गरिएको थियो।
आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिँदा मधेश प्रदेशको वृद्धि ३.८८ प्रतिशत रहने अनुमान गरिएको थियो। मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य पालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ। खानी तथा उत्खनन क्षेत्रको योगदान भने सबैभन्दा कम ०.१५ प्रतिशत रहेको तथ्यांकले देखाएको छ।
महतोका अनुसार संघीय शासन प्रणाली कार्यान्वयनपछि प्रदेश तहमा भइरहेको आर्थिक गतिविधिको मापन, सामाजिक तथा आर्थिक असमानताको अवस्था पहिचान र त्यसअनुसार नीति निर्माणका लागि प्रदेशको कुल गार्हस्थ्य उत्पादनसम्बन्धी तथ्यांक महत्वपूर्ण हुन्छ। प्रदेशको विकास योजना र नीति निर्माणलाई प्रभावकारी बनाउन यस्ता तथ्यांक आवश्यक पर्ने भएकाले राष्ट्रिय तथ्यांक कार्यालयले आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादन अनुमान गर्न थालेको हो।
मधेश प्रदेशले पहिलो आवधिक योजनामा तय गरेको प्रतिव्यक्ति आयको लक्ष्य पूरा गर्न नसक्नुले प्रदेशको आर्थिक उत्पादन र आयस्तर बढाउने क्षेत्रमा अझै चुनौती रहेको देखाएको छ। कृषि क्षेत्रमै ठूलो निर्भरता रहेको प्रदेशमा उत्पादनशील क्षेत्रको विस्तार, रोजगारी सिर्जना र आर्थिक गतिविधि बढाउन सकिए मात्रै प्रतिव्यक्ति आयमा अपेक्षित सुधार ल्याउन सकिने देखिन्छ।



## सम्पादकीय

# नेपाली कांग्रेसमा रूपान्तरणको
# परीक्षण र महाधिवेशनको सङ्घार

नेपाली कांग्रेस यतिबेला आफ्नो आन्तरिक लोकतन्त्रको महत्त्वपूर्ण मोड र महाधिवेशनको सङ्घारमा उभिएको छ। पूर्वसभापति शेरबहादुर देउवाको दीर्घकालीन नेतृत्वपछि पहिलोपटक उनविनाको नयाँ नेतृत्व चयन गर्ने अवस्था पार्टीभित्र सिर्जना भएको छ । दशकौँसम्म पार्टीसत्ता र राज्यसत्ताको केन्द्रमा रहेका देउवाको बहिर्गमन वा मुख्य प्रतिस्पर्धाबाट अलग्गिनुले कांग्रेसमा एउटा नयाँ युगको सुरुवातको सङ्केत गर्छ । यस अवस्थाले पार्टीभित्र पुस्तान्तरण, रूपान्तरण र विचारको नयाँ मन्थन गराउने अवसर खोलेको छ भने अर्कातिर शक्ति संरचनाको पुनर्गठन कसरी हुने भन्ने कौतूहल पनि बढाएको छ।

देउवा स्वयं प्रतिस्पर्धामा नरहे पनि उनको पक्षधर गुट र प्यानल महाधिवेशनको तयारीमा उत्तिकै सक्रिय र सङ्गठित रूपमा लागिपरेको छ। पार्टीभित्र स्थापित आफ्नो वर्चस्व, परम्परागत शक्ति सन्तुलन र राष्ट्रव्यापी सञ्जाललाई कायम राख्न देउवा पक्षले भावी सभापतिको साझा उम्मेदवार चयन गर्न र आफ्नो पकड कमजोर हुन नदिन तीव्र तयारी गरिरहेको छ। नेतृत्वमा व्यक्ति परिवर्तन भए पनि संस्थापन पक्षको वर्चस्व र साङ्गठनिक पकडलाई कायमै राख्ने रणनीतिमा देउवा समूह देखिन्छ । यसले महाधिवेशन केवल व्यक्तिको चयन मात्र नभई साङ्गठनिक विरासत जोगाउने र ढाल्ने शक्तिसङ्घर्षको थलो बन्ने निश्चित छ।

अर्कातिर, देउवारहित कांग्रेसको परिकल्पना गर्दै आएका इतर पक्ष र युवा पुस्ताका नेताहरूका लागि यो महाधिवेशन आफ्ना एजेन्डा स्थापित गर्ने ऐतिहासिक अवसर बनेको छ। पार्टीलाई पुरानै ढर्राबाट मुक्त गरी नीतिगत स्पष्टता, साङ्गठनिक सुदृढीकरण र जनमुखी एजेन्डाका साथ अघि बढाउनुपर्ने दबाब इतर पक्षमा छ । तर, इतर पक्षभित्रको आन्तरिक गुटबन्दी, साझा उम्मेदवार चयनमा देखिने द्विविधा र विचारभन्दा व्यक्तिवादी महत्त्वाकांक्षा हाबी हुनुले रूपान्तरणको पक्षमा उभिएका शक्तिहरूलाई चुनौती थपेको छ। यदि इतर पक्षले बलियो र सर्वस्वीकार्य नेतृत्व प्रस्तुत गर्न सकेन भने पुनर्गठित रूपमा आउने संस्थापन पक्ष नै हाबी हुने सम्भावना उत्तिकै प्रबल रहन्छ।

महाधिवेशन केवल सभापति र पदाधिकारी छान्ने चुनावी प्रक्रियामा मात्र सीमित हुनु हुँदैन, यो त पार्टीको वैचारिक पुनर्जागरण र नीतिगत मार्गदर्शनको महाकुम्भ पनि हो । कांग्रेसभित्र विगत केही समययता वैचारिक अस्पष्टता, गठबन्धन संस्कृतिको अतिशय मोह र जनचासोका मुद्दामा देखिएको शिथिलताप्रति आमकार्यकर्तामा असन्तोष व्याप्त छ।

महाधिवेशनको पूर्वसन्ध्यामा विभिन्न पक्षबीच हुने खिचातानीले साङ्गठनिक ध्रुवीकरण र फुटको जोखिम निम्त्याउनु हुँदैन । नेतृत्व हत्याउने होडबाजीसँगै देशको आर्थिक–सामाजिक रूपान्तरण र लोकतान्त्रिक प्रणालीको सुदृढीकरणका लागि कांग्रेसले लिने नीतिगत दिशाबारे घनीभूत छलफल हुनु अपरिहार्य छ।

अन्ततः, शेरबहादुर देउवापछिको कांग्रेस र देउवा पक्षधरको कडा तयारीबीच हुन गइरहेको यो महाधिवेशनले लोकतान्त्रिक दलको भविष्य मात्र तय गर्दैन, सिङ्गो राष्ट्रिय राजनीतिमा पनि गहिरो प्रभाव पार्नेछ । महाधिवेशनले गुटगत स्वार्थ र भागबन्डाको राजनीतिभन्दा माथि उठेर कार्यकर्ताको विश्वास जित्न सक्ने र जनताको भरोसा पुनःस्थापित गर्न सक्ने सक्षम नेतृत्व चयन गर्नुपर्छ । कांग्रेसलाई समयानुकूल, प्रविधिमैत्री, समावेशी र विचारनिष्ठ बनाउन महाधिवेशन प्रतिनिधिहरूले विवेकपूर्ण निर्णय लिनु आवश्यक छ । महाधिवेशनपछि कांग्रेस विभाजन वा निराशातिर होइन, एकता, ऊर्जा र स्पष्ट दृष्टिकोणका साथ नयाँ यात्रामा अघि बढ्न सकोस्।

# कांग्रेसको १५औँ महाधिवेशनको रौनक

भीष्मराज ओझा/रासस

नेपाली कांग्रेसको १५औँ महाधिवेशन आइतबार अपराह्न खुलामञ्चमा सुर भएको छ र असोज २२ गतेसम्म हुने महाधिवेशनको रौनक छ। महाधिवेशन तालिकाअनुसार असोज १८ गते उद्घाटन सत्र, असोज १९ र २० गते बन्दसत्र तथा असोज २१ र २२ गते निर्वाचन प्रक्रिया हुनेछ।

देशभर निरन्तरको वर्षाका कारण यही असोज १६ गतेका लागि निर्धारित महाधिवेशन आइतबारदेखि प्रारम्भ हुन लागेको हो। देश र विदेशबाट महाधिवेशन प्रतिनिधिहरु सहभागी हुन काठमाडौँ आउने क्रम जारी छ । महाधिवेशन तयारीका लागि गठन गरिएका विभिन्न १५ समितिले आ–आफ्नो तयारी गरिरहेका छन्। उद्घाटनस्थल खुलामञ्चमा भव्य मञ्च निर्माण गरिएको छ। खुलामञ्चमा नै बन्दसत्र सञ्चालनका लागि भिन्न भिन्न ठूला हलहरु बनाइएको पार्टी प्रवक्ता देवराज चालिसेले जानकारी दिए । महाधिवेशन स्थलमा नै मिडिया सेन्टर तथा प्राथमिक स्वास्थ्य उपचार केन्द्रको व्यवस्था गरिएको छ। आवास व्यवस्थापन समितिले हरेक निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशबाट एक÷एक जना संयोजक तोकेर सम्बन्धित भूगोलका महाधिवेशन प्रतिनिधिका लागि बसोबासको समन्वय गर्ने प्रबन्ध गरेको छ । आवासका लागि एअरपोर्ट, गौशाला, सुन्धारा, ठमेल, लाजिम्पाट, कलङ्की र नयाँ बसपार्क क्षेत्रमा व्यवस्था गरिएको छ । सहभागीले यससम्बन्धी जानकारी ह्वाट्सएप, एआई नम्बर र एसएमएसबाट प्राप्त गर्नेछन् । बिहान, दिउँसो र साँझको भोजन व्यवस्था भने भृकुटीमण्डपमा गरिएको आवास व्यवस्थापन समितिले जनाएको छ।

यसैगरी, केन्द्रीय निर्वाचन समितिका अनुसार यो महाधिवेशनमा करिब सात हजार ७०० महाधिवेशन प्रतिनिधि सहभागी हँुदैछन्। कांग्रेसको इतिहासमा नै पहिलोपटक यति ठूलो संख्यामा महाधिवेशन प्रतिनिधिहरु निर्वाचित भएका हुन्।

**उद्घाटन र बन्दसत्र एउटै स्थानमा**

कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटनसँगै बन्दसत्र पनि काठमाडौँको खुलामञ्चमै हुनेछ। ठूलो संख्यामा प्रतिनिधि व्यवस्थापन गर्न त्यहीअनुसार संरचना निर्माण गरिएको छ । बन्दसत्रमा सभापति, उपसभापति, महामन्त्री र कोषाध्यक्षले अलगअलग प्रतिवेदन पेस गर्ने तालिका छ।

खुलामञ्चमा हुने महाधिवेशनका बन्दसत्रका लागि तीनवटा ठूला संरचना तयार गरिएको छ । ठूलो संख्यामा रहेका प्रतिनिधिलाई व्यवस्थित रूपमा सहभागी गराउने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो। छलफल चलाइने ती हलहरुको नाम हिमाल, पहाड र तराइ–मधेश राखिएको छ।

प्रतिवेदनमाथि भूगोलका आधारमा समूह बनाई तीन फरक हलमा छलफल हुनेछ । हरेक हलमा रहेका डिजिटल बोर्डबाट सहभागीले प्रस्तुत प्रतिवेदन सुन्न र हेर्न पाउनु हुने प्रवक्ता चालिसेले बताए।

उदघाटन सत्रमा विभिन्न राजनीतिक दलको नेतृत्वलाई आमन्त्रण गरिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेपाल कम्युनिष्ट पार्टी (एमाले) महासचि शंकर पोखरेल, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल (प्रचण्ड), राष्ट्रिय प्रजातन्त्र पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टी अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टी अध्यक्ष चन्द्रकान्त राउत, श्रम संस्कृति पार्टीका महासचिव आरेन राई र राष्ट्रिय जनमोर्चा अध्यक्षका तर्फबाट कार्यवाहक महासचिव घनश्याम पौडेल उद्घाटन कार्यक्रममा सहभागी भएका थिए।

अन्तरराष्ट्रिय अतिथिहरुमा सोसलिष्ट इन्टरनेसनलकी कार्यकारी संयोजक चन्ताल काम्बिवालगगायत अतिथि महाधिवेशनमा सहभागी हुन नेपाल आएका छन्।

**ऐतिहासिक स्थलमा १५औँ महाधिवेशन**

कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले निर्वासनबाट स्वदेश आगमनपछि पहिलो सार्वजनिक सम्बोधन गरेकोस्थलमा पार्टीको १५औँ महाधिवेशन हुँदैछ। त्यही टुँडिखेलमा कांग्रेसका अर्का संस्थापक नेता गणेशमान सिंहले निरङ्कुश सत्ताको अन्त्यका लागि भएको २०४६ सालको जनआन्दोलनको सफलताको उद्घोष गरेका थिए । महाधिवेशनको उद्घाटन सभापति गगनकुमार थापाले गरे भने उद्घाटन सत्रमा कांग्रेसका शीर्ष नेताहरूका साथै मुलुकका प्रमुख राजनीतिक दलका प्रमुख नेताहरूको पनि सम्बोधन गरे।

प्रवक्ता चालिसेले भने, 'यो यसकारण पनि ऐतिहासिक महाधिवेशन हो, जुन महाधिवेशनको प्रक्रियाबाट नवपुस्ताका ४४ हजार युवा जिम्मेवारीमा आएका छन् र उनीहरूसहितले छानेका सात हजारभन्दा बढी प्रतिनिधिहरू सहभागी हुँदैछन्।' गत पुस २८ देखि माघ ३ गते सम्पन्न कांग्रेसको दोस्रो विशेष महाधिवेशनपछि यो महाधिवेशन हुन लागेको हो।

**तामझाम नगरी सामान्य प्रचार शैली**

गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको प्राकृतिक विपद्का कारण मुलुक शोकमा रहेको अवस्थामा कांग्रेसले यस महाधिवेशनमा प्रचारप्रसारमा तामझाम नगर्ने पार्टीले जनाएको छ । कार्यक्रमस्थलमा एउटा मूल गेटबाहेक अरू कुनै प्रचार सामग्री सहर बजारमा टाँगिएको छैन । यसबाहेक काठमाडांै उपत्यकालगायत देशका प्रमुख सहर बजारमा रहेका करिब १०० 'डिजिटल बोर्ड'बाट मात्र महाधिवेशनसम्बन्धी सूचना र सन्देशहरु प्रवाह गरिएको छ । महाधिवेशनमा हुने निर्वाचनमा उम्मेदवार हुने साथीहरुलाई पनि प्रचारप्रसारका डिजिटल माध्यम मात्र प्रयोग गर्न पार्टी आग्रह गरिएको छ। साथै वातावरणमैत्री प्रचारप्रसार गर्ने नीति पार्टीले लिएको छ।

निर्वाचन समितिले तडकभडक र भड्किलो प्रचारप्रसारमा पूर्ण रोक, विपद्पछिको परिस्थितिलाई सम्मान गर्दै महाधिवेशनलाई मर्यादित, मितव्ययी र अनुशासित बनाउन जुनसुकै प्रकारका भड्किला प्रचार अभियानहरूलाई निषेध गरिएको जनाएको छ। 'प्रिन्ट तथा भौतिक प्रचार सामग्रीमा पूर्ण प्रतिबन्ध, महाधिवेशन स्थल तथा आसपासका कुनै पनि क्षेत्रमा फ्लेक्स, ब्यानर, पोस्टर, पम्प्लेट वा अन्य कुनै पनि प्रकारका प्रिन्टेड प्रचार सामग्री राख्न, टाँस्न वा वितरण गर्न पनि निषेध गरिएको छ,' समितिका सदस्यसचिव राजु कटुवालले भने।

निर्वाचन समितिका अनुसार असोज १९ गते सोमबार अपराह्ने २ः०० देखि साँझ ६ बजेसम्म काठमाडौंस्थित राष्ट्रिय सभा गृहमा उम्मेदवारहरूको मनोनयनपत्र दर्ता हुनेछ। तोकिएको समयभित्र सम्पूर्ण केन्द्रीय महाधिवेशन प्रतिनिधि सदस्य तथा महाधिवेशनबाट उम्मेदवार बन्न योग्य व्यक्तिहरूले मनोनयनपत्र दर्ता गर्न सक्नेछन्।

नयाँ व्यवस्थाअनुसार कांग्रेसको केन्द्रीय कार्यसमिति २३२ सदस्यीय बन्नेछ। १७१ जना निर्वाचित र ६१ जना सभापतिबाट मनोनीत हुने व्यवस्था छ। यसपटक कांग्रेसमा सहमहामन्त्रीको संख्या आठबाट बढाएर ११ पु¥याइएको छ । समावेशी समूहबाट निर्वाचित हुने तथा सभापतिबाट मनोनीत हुने व्यवस्था गरिएको छ।

**आठ स्थानमा सवारीसाधन पार्किङको व्यवस्था**

कांग्रेसले महाधिवेशन स्थलमा आउने सहभागी तथा प्रतिनिधिहरुका लागि सवारीसाधन पार्किङका लागि विभिन्न आठ स्थानमा व्यवस्थापन मिलाइएको यातायात व्यवस्थापन समितिले जनाएको छ।

महाधिवेशनमा सहभागी हुन आउने प्रतिनिधिहरुका लागि धरहराको अन्डर ग्राउन्ड पार्किङ, बग्गीखानासँगैको साल्ट ट्रेडिङको पार्किङ स्थल, पुरानो बसपार्क क्षेत्र, भृकुटीमण्डपको बाहिरी एक लेन सडक, राष्ट्रिय सभागृहको पार्किङ, प्रज्ञा प्रतिष्ठान स्थल र दरबारमार्गस्थित अन्नपूर्ण होटलको पार्किङ स्थललाई तोकिएको समितिका संयोजक विजयबहादुर स्वाँरले जानकारी दिए।

'यसैगरी काठमाडौँ उपत्यका बाहिरबाट महाधिवेशन प्रतिनिधि लिएर आउने ठूला बसका लागि माइतीघर मण्डला र भद्रकालीबीचको सडकको एक भागलाई पार्किङ गर्न मिल्ने गरी ट्राफिक प्रहरी र जिल्ला प्रहरी परिसर काठमाडौँसँग समन्वय गरिएको छ,' संयोजक स्वाँर भने। धरहरा अन्डर ग्राउन्ड पार्किङ र अन्नपूर्ण होटलको पार्किङ स्थलमा शुल्क लाग्नेछ भने अन्यत्र निःशुल्क हुनेछ।

**स्वास्थ्यकर्मीसहितको 'हेल्थ डेस्क'**

महाधिवेशनमा ३० जना स्वास्थ्यकर्मीसहितको हेल्थ डेस्क तयार गरिएको छ । हेल्थ डेस्कमार्फत महाधिवेशन प्रतिनिधिहरुका लागि स्वास्थ्य सेवा प्रदान गरिनेछ।

महाधिवेशन आयोजक समितिअन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा केदारनरसिंह केसीका अनुसार महाधिवेशन स्थल रहेको खुला मञ्चको पश्चिमतर्फ स्वास्थ्य सेवाका लागि 'हेल्थ डेस्क' बनाइएको छ। पाँच स्टल रहने हेल्थ डेस्कमार्फत सामान्य स्वास्थ्य परीक्षण र आकस्मिक सेवा प्रदान गरिने छ।

'हेल्थ डेस्क' दुई 'सिफ्ट'मा सञ्चालन हुने बताउँदै उनले भने, 'डेस्कमा आठ जना चिकित्सक, पारामेडिक्स तथा नर्सहरु रहनेछन् भने ब्लड प्रेसर, सुगर, सिटामोल, जीवनजल, घाउचोटमा प्रयोग हुने औषधिलगायत निःशुल्क प्रदान गरिनेछ।'

यसैगरी, प्रतिनिधिहरुलाई तत्काल आकस्मिक उपचारका लागि अस्पताल लैजानुपर्ने अवस्था आएमा नजिकैको वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर र वसुन्धारामा रहेको बिपी स्मृति अस्पतालमा व्यवस्था मिलाइएको छ। त्यसका लागि महाधिवेशन स्थलमा नै दुई एम्बुलेन्स तयारी अवस्थामा राखिनेछ।

**युवादेखि 'ल्याटरल इन्ट्री'सम्म**

यस महाधिवेशनमा केही महत्वपूर्ण पक्षमा फरक हुँदैछ । गत विशेष महाधिवेशनबाट विधानमा गरिएको संशोधनलाई कार्यान्वयन गर्दै यसपटक युवा, महिला तथा विभिन्न समुदायको प्रतिनिधित्वदेखि महाधिवेशन सञ्चालन र प्रचारशैलीसम्म नयाँ अभ्यास गर्न लागिएको छ।

यसपटक कांग्रेसले ३५ वर्षमुनिका युवालाई पार्टीको नेतृत्व संरचनामा सुनिश्चित प्रतिनिधित्वको व्यवस्था गरेको छ । वडादेखि केन्द्रसम्म युवाको सहभागिता बढाउने गरी विधानमै व्यवस्था गरेको छ।

त्यस्तै, केन्द्रीय कार्यसमितिमा ३५ वर्षमुनिका २१ जना युवा सदस्य निर्वाचित हुनेछन्। प्रदेशगत र खुला समूहबाट युवालाई केन्द्रीय नेतृत्वमा ल्याउने व्यवस्था गरिएको छ।

कांग्रेसका विभिन्न तहका कार्यसमितिमा महिलाको प्रतिनिधित्व कम्तीमा एक तिहाइ सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । यसले वडादेखि केन्द्रसम्म महिला सहभागिता बढाउने लक्ष्य राखेको छ।

यसैगरी, राजनीतिमा लामो समयदेखि सक्रिय कार्यकर्तामात्र नभई विभिन्न पेसा, व्यवसाय र क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिलाई पनि पार्टीको मूल नेतृत्वमा ल्याउने बाटो खोलिएको छ । यही व्यवस्थाअन्तर्गत सात जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन्।

नेपाली जनसम्पर्क समितिबाट आएका महाधिवेशन प्रतिनिधिमध्येबाट छ जना केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था गरिएको छ । यसले विदेशमा रहेका कांग्रेससम्बद्ध नेपालीलाई केन्द्रीय संरचनामा औपचारिक स्थान दिनेछ।

अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा पिछडिएको क्षेत्रको प्रतिनिधित्वलाई पनि केन्द्रीय समितिमा सुनिश्चित गर्ने गरी व्यवस्था गरिएको छ । त्यसैगरी, श्रमिक र प्रजातन्त्र सेनानी तथा सहिद परिवार र द्वन्द्व पीडितहरुको पनि प्रतिनिधित्वको सुनिश्चितता गरिएको छ।

कांग्रेसले विद्युतीय मतदान प्रणाली प्रयोग गर्ने तयारी गरेको थियो तर प्राविधिक तथा व्यवस्थापकीय कारणले अन्तिम समयमा परम्परागत मतदान प्रणालीमै जाने भएको छ।

महाधिवेशनमा नेतृत्व चयनसँगै पार्टीको आगामी राजनीतिक दिशा, सङ्गठन सुधार र नयाँ पुस्ताको भूमिकाबारे बहसलाई पनि प्राथमिकता दिइएको छ।

# नागरिकका प्रश्न र विचारका लागि 'खुलामञ्च' आवश्यक

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिकका प्रश्न, असहमति र विचारका लागि खुलामञ्च आवश्यक रहेको बताएका छन्।

कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन समारोहलाई आइतबार खुलामञ्चमा सम्बोधन गर्दै सभापति थापाले जनताका जिज्ञासा र प्रश्नको छलफलका लागि मुलुकलाई खुलामञ्च आवश्यक रहेको बताएका हुन्।

'दश वर्षपछि खुलामञ्च खुलेको छ, यो काठमाडौँको एउटा चौर मात्रै होइन, नेपाली राजनीतिक आन्दोलनमा खुलामञ्चले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, यहीँबाट धेरै राजनीतिक दल तथा नेताले आफ्नो राजनीतिक यात्रा अगाडि बढाएका छन्,' सभापति थापाले भने।

सभापति थापाले जननायक बिपी कोइराला, गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालालेसमेत यही खुलामञ्चबाट ऐतिहासिक राजनीतिक घटनासम्बन्धी भाषण गरेको स्मरण गर्दै खुलामञ्चले फरक विचार तथा मतभेदलाई एउटै ठाउँमा ल्याएर संवाद गर्ने अवसर दिएको उल्लेख गरे।

'खुलामञ्चले मतभेदलाई एकैठाउँमा राख्न सहयोग गर्छ,' सभापति थापाले भने। उनले फरक मत राख्ने, नेतृत्वलाई प्रश्न गर्ने र आलोचना गर्ने अधिकारलाई पार्टीभित्रै संस्थागत गर्नुपर्ने बताए।

फरक प्रसङ्गमा सभापति थापाले सत्ता र नेतृत्वमा उही अनुहार दोहोरिरहने प्रवृत्तिले नेपालको राजनीति 'म्युजिकल चियर' जस्तो बनेको बताए। उक्त प्रवृत्तिले सबै राजनीतिक दल र नेता एउटै हुन्, सबै खराब छन् भन्ने सन्देश जनतामा गएको तथा त्यसकै परिणाम गत भदौ २३ र २४ गतेको घटना घटेको उनको धारणा थियो।

सभापति थापाले प्रधानमन्त्री बनेका व्यक्ति फेरि प्रधानमन्त्री बन्न खोज्ने, नेता बनेका व्यक्ति फेरि नेतृत्वमा दोहोरिरहने र मन्त्री बनेका व्यक्ति पनि पटकपटक सत्तामा जाने प्रवृत्तिले जनतामा राजनीतिप्रति वितृष्णा बढाएको उल्लेख गरे।

**'विगतका कमजोरीको समीक्षा गर्दै अगाडि बढ्छौँ'**

सभापति थापाले विशेष महाधिवेशनपछि कांग्रेस निर्वाचनमा गएको तर परिणाम आफ्नो पक्षमा आउन नसकेको बताए। कांग्रेसले यसअघि पनि विभिन्न निर्वाचनमा हार र जीत व्यहोर्दै आएको उल्लेख गर्दै उनले अहिले पार्टी नयाँ महाधिवेशनको चरणमा प्रवेश गरेको बताए।

'विशेष महाधिवेशनपछि चुनावमा गयौँ, तर हाम्रो पक्षमा परिणाम आएन, कांग्रेसले धेरै चुनावमा हार्ने र जित्ने गरेको छ, अब नयाँ महाधिवेशनमा होमिएका छौँ,' सभापति थापाले भने। सभापति थापाले १५औँ महाधिवेशनलाई विगतका कमजोरीको समीक्षा गर्दै कांग्रेसलाई नयाँ राजनीतिक यात्रामा अघि बढाउने अवसरका रूपमा लिनुपर्ने बताए । जनतामा बढेको राजनीतिक वितृष्णा र दलहरूप्रतिको अविश्वास चिर्न कांग्रेसले आफ्नो नेतृत्व, व्यवहार र राजनीतिक कार्यशैलीमा परिवर्तन गर्नुपर्ने उनको भनाइ थियो।

सभापति थापाले लोकतन्त्र र जनतालाई प्रत्यक्ष सेवा तथा परिणामसँग जोड्ने पुलको काम कांग्रेसले गर्नुपर्ने बताए । मुलुकमा लामो राजनीतिक सङ्घर्ष र परिवर्तन भए पनि रोजगारी सिर्जना, युवा पलायन रोक्ने र जनताको जीवनस्तर सुधार्ने विषयमा अब सबै राजनीतिक दल मिलेर गम्भीर समीक्षा गर्नुपर्ने उनको भनाइ थियो।

सभापति थापाले मुलुकले लामो समय राजनीतिक सङ्घर्ष र सङ्क्रमण व्यहोरे पनि त्यसको प्रतिफल जनताको दैनिक जीवनमा पर्याप्त रूपमा पुग्न नसकेको उल्लेख गर्दै यसका कारण सबै राजनीतिक दलले मिलेर खोज्नुपर्ने बताए । राजनीतिक परिवर्तनसँगै आर्थिक र सामाजिक रूपान्तरणलाई पनि सँगसँगै अघि बढाउनुपर्ने उनको भनाइ थियो।

'यो विषय हामी सबै मिलेर खोज्नुपर्छ, हामी महाधिवेशनमा यही कुरा 'डेलिभरी' दिनका लागि के गर्ने, कांग्रेस कस्तो बनाउने भनेर मन्थन गर्नेछौँ,' सभापति थापाले भने।

कांग्रेसले अब लोकतन्त्रको कुरा मात्रै नगरी जनतालाई परिणाम दिने राजनीतिक शक्तिका रूपमा आफूलाई स्थापित गर्नुपर्ने सभापति थापाले बताए । लोकतान्त्रिक व्यवस्था र जनताको अपेक्षाबीचको दूरी घटाउने जिम्मेवारी कांग्रेसले लिनुपर्ने उनको भनाइ थियो।

'डेमोक्रेसी र डेलिभरीको पुलको काम कांग्रेसले गर्छ, पुराना र नयाँ पुस्तालाई जोड्ने काम कांग्रेसले गर्छ, यही सङ्कल्प गर्छ,' सभापति थापाले भने।

**'कांग्रेस कमजोर हुँदा लोकतन्त्र र जनताबीचको विश्वासमा असर पर्छ'**

सभापति थापाले कांग्रेस कमजोर वा निष्क्रिय हुँदा लोकतान्त्रिक व्यवस्था र जनताबीचको विश्वासमा असर पर्नसक्ने बताए । कांग्रेसले आफूलाई जनताको आवश्यकता र अपेक्षासँग जोडेर अघि बढाउनुपर्ने उनको भनाइ थियो।

'आजको दिनमा नेपाली कांग्रेस बन्द भयो भने के हुन्छ भन्ने कुरा जनताले सोच्नुपर्ने बनाउने काम गर्नुपर्छ, पुल ढल्यो भने विश्वास ढल्छ, त्यो विश्वासका लागि कांग्रेसले काम गर्नुपर्ने छ,' सभापति थापाले भने।

कांग्रेसले आफ्नो राजनीतिक सिद्धान्त र मूल्यमा स्पष्ट भएर अघि बढ्नुपर्ने सभापति थापाले बताए । तत्कालको राजनीतिक लाभका लागि सिद्धान्तसँग सम्झौता गर्ने प्रवृत्तिबाट पार्टी टाढा रहनुपर्ने उनको भनाइ थियो। आर्थिक विकास र रोजगारी सिर्जनाका लागि निजी क्षेत्र तथा उद्योगी व्यवसायीको भूमिकालाई सम्मान गर्नुपर्ने उनले बताए।

सभापति थापाले निर्वाचन आउने र जाने भए पनि त्यसको महत्वलाई बेवास्ता गर्न नहुने बताए । निर्वाचनको परिणाम महत्वपूर्ण भए पनि तत्कालको चुनावी लाभभन्दा दीर्घकालीन रूपमा देश र जनताको हितमा काम गर्ने राजनीतिक संस्कार आवश्यक रहेको उनले उल्लेख गरे।

सभापति थापाले १५औँ महाधिवेशनलाई कांग्रेसको नेतृत्व परिवर्तन गर्ने मात्रै नभई पार्टीको आगामी राजनीतिक दिशा, नीति र जनतालाई परिणाम दिने क्षमताबारे गम्भीर मन्थन गर्ने अवसरका रूपमा अघि बढाउने बताए। उनले कांग्रेसका केही साथीहरू पार्टीबाट बाहिरिएको उल्लेख गर्दै उनहरुलाई कांग्रेस छाडेको हो कि होइन भन्ने विषयमा पनि अब स्पष्ट उत्तर दिनुपर्ने बताए। उनले पार्टीभित्र रहेका सबैलाई समेट्ने र बाहिरिएका नेताहरूका सम्बन्धमा पनि स्पष्ट धारणा बनाइने बताए।

सभापति थापाले बदलिएको कांग्रेसले देश पनि बदल्न सक्छ भन्ने विश्वासका साथ १५औँ महाधिवेशनबाट नयाँ ऊर्जा र सङ्कल्प लिएर बाहिरिनुपर्ने बताए । उनले देशको पछिल्लो अवस्थालाई हेर्दा उत्सवका रूपमा मात्रै महाधिवेशन गर्न आफूहरूलाई सहज नभएको बताए।

'रसुवाको भोटेकोशीमा गएको बाढीका कारण हजारौँ नागरिक हामीमाझ हुनुहुन्न । यो महाधिवेशन गर्न मन थिएन। तर संविधान र कानुनको परिधिका कारण गर्न बाध्य भयौँ,' सभापति थापाले भने।

**नयाँ पुस्तासँग जोडेर अघि बढ्नुपर्ने**

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले जननायक बिपी कोइरालाको नेतृत्वमा स्थापित कांग्रेसले लोकतन्त्रका लागि गरेको सङ्घर्षलाई नयाँ पुस्तासँग जोडेर अघि बढ्नुपर्ने बताएका छन्।

कांग्रेसको १५औँ महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले ८० वर्षको इतिहास बोकेको कांग्रेसले लोकतान्त्रिक आन्दोलनदेखि मुलुकका हरेक सङ्कटमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए।

उपसभापति शर्माले १५औँ महाधिवेशनपछि रुपान्तरणसहित अझ बलियो, सशक्त, ऊर्जाशील र नयाँ पुस्ताको भावनालाई समेटेर कांग्रेस अघि बढ्छ भने। गत फागुन २१ गतेको निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बहुमतको सरकार बनेको र कांग्रेस प्रमुख प्रतिपक्षीको भूमिकामा रहेको उल्लेख गर्दै उपसभापति शर्माले देश र जनताका पक्षमा चालिने हरेक कदममा सरकारसँग सहकार्य गर्न पार्टी तयार रहेको स्पष्ट गरे।

उनले राष्ट्रिय हित र सरोकारका विषयमा सबै राजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्नेमा उनले जोड दिए । उनले जलवायु परिवर्तनले नेपालमा पारिरहेको असर, मधेश आन्दोलनमा उठेका सवाल तथा जेनजी आन्दोलनका मागलाई सम्बोधन गर्नुपर्नेमा जोड दिए।

देशभित्र र विदेशमा रहेका नेपालीलाई जोड्ने गरी राज्यले नीति बनाउनुपर्ने धारणा व्यक्त गर्दै उपसभापति शर्माले विदेशमा रहेका नेपालीको नागरिकता, लगानी र अधिकारका विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने बताए।

'नेपाल दुई वटा छ– नेपाल बाहिरको र नेपालभित्रको नेपाल, यी दुवै नेपाललाई जोड्नुपर्छ,' शर्माले भने, 'विदेशमा रहेका नेपालीले मातृभूमिको विकासमा लगानी गर्न चाहेका छन्। उनीहरूको भावना र संविधानले परिकल्पना गरेको नागरिकताको विषयलाई सम्बोधन गर्न पार्टी तयार छ।'

उनले सामाजिक सञ्जालको दुरुपयोग भई वितृष्णा सिर्जना भइरहेकामा चिन्ता व्यक्त गर्दै उनले मुलुकको विकास र समृद्धिका पक्षमा जिम्मेवार पक्षका बीच आपसी संवाद, सद्भाव र एकताको खाँचो रहेको बताए । अविश्वास र वितृष्णाभन्दा माथि उठी मुलुकको भूगोललाई मात्रै होइन, नेपालीको मनलाई पनि जोड्नुपर्ने समय आएको उनको भनाइ छ।

विशेष महाधिवेशनपछि गगनकुमार थापाको नेतृत्वमा कांग्रेस नयाँ चरणमा प्रवेश गरेको उल्लेख गर्दै उपसभापति शर्माले महाधिवेशनमा लोकतान्त्रिक आन्दोलनका अग्रजदेखि सहिद परिवार र जेनेजी पुस्तासहित ठूलो संख्यामा युवा सहभागिता रहेको जानकारी दिए।

उनले परम्पराको सम्मान गर्दै नयाँ दृष्टिकोण र ऊर्जाका साथ कांग्रेसलाई अघि बढाउने लक्ष्यका साथ पार्टी अघि बढेको स्पष्ट गरे। उपसभापति शर्माले १५औँ महाधिवेशनले कांग्रेसलाई सङ्गठनात्मक रूपमा थप बलियो बनाउँदै मुलुकको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणमा प्रभावकारी भूमिका निर्वाह गर्ने आधार तयार गर्ने बताए। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# छात्रवृत्ति वितरण कार्यविधि छिट्टै राजपत्रमा प्रकाशन गरिने

**मधेशदृष्टि**
**कलैया।**
बाराको कलैया उपमहानगरपालिकाले विद्यार्थी छात्रवृत्ति वितरण तथा व्यवस्थापनसम्बन्धी कार्यविधि–२०८३ छिट्टै राजपत्रमा प्रकाशन गर्ने जनाएको छ । कलैया उपमहानगरपालिकाका शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख राजिव कुमार यादवले कार्यविधि तयार भइसकेको र कानुनी रूपमा लागू गर्न राजपत्रमा प्रकाशन गर्न मात्र बाँकी रहेको बताएका छन् । यादवका अनुसार कार्यविधि अन्तिम चरणमा पुगेको छ । प्रमुख प्रशासकीय अधिकृत काठमाडौंमा रहेकाले उनी पालिका आएलगत्तै कार्यविधि राजपत्रमा प्रकाशन गरिनेछ । असोज २१ गते बुधबारसम्म कार्यविधि राजपत्रमा प्रकाशन हुने उनले जानकारी दिएका छन् । कार्यविधि लागू भएपछि सम्बन्धित मापदण्डका आधारमा विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने उनले बताएकाछन्।

# कानून संकायका विद्यार्थीहरुसँग अपराध अनुसन्धान सम्बन्धी अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज।**
'वीरगंज स्कुल अफ ल' मा अध्ययनरत विद्यार्थीहरूसँग अपराध अनुसन्धान, कानून कार्यान्वयन तथा प्रहरी–नागरिक सहकार्यलगायतका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । जिल्ला प्रहरी कार्यालय, पर्सा नागरिक सहायता कक्षमा आयोजित कार्यक्रममा वीरगंज स्कुल अफ ल का शिक्षक डा. हरेराम ठाकुरको नेतृत्वमा विद्यार्थी तथा शिक्षकहरूको सहभागिता थियो।
कार्यक्रममा कार्यक्रममा प्रहरी सेवाको प्रकृति, अपराध अनुसन्धानका क्रममा प्रहरीले निर्वाह गर्ने भूमिका, कानून कार्यान्वयनमा देखिने चुनौती तथा नागरिकको सहयोगको आवश्यकताबारे प्रहरी नायब उपरीक्षक चक्र बहादुर मल्लले प्रकाश पारेका थिए।

# नगराइनमा नागरिक सुनुवाइ, स्थानीयले उठाए सुरक्षा र प्रहरी सेवाका सवाल



**मधेशदृष्टि**
**जनकपुरधाम।**
समुदाय–प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत धनुषाको नगराइन नगरपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ।
स्थानीयस्तरमा देखिएका सुरक्षा चुनौती, प्रहरी सेवासँग सम्बन्धित समस्या तथा नागरिकका गुनासा प्रत्यक्ष रूपमा सुन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । नगराइन नगरपालिका–स्थित राजेश्वर निधि माध्यमिक विद्यालयको सभाहलमा जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजनामा तथा इलाका प्रहरी कार्यालय जटहीको समन्वयमा कार्यक्रम भएको हो।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालको अध्यक्षतामा भएको कार्यक्रममा नगराइन नगरपालिकाका नगर प्रमुख विनयकुमार यादव प्रमुख अतिथिका रूपमा सहभागी थिए। कार्यक्रममा वडा अध्यक्ष तथा जनप्रतिनिधि, महिला सञ्जालका सदस्य, विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मी, स्थानीय बुद्धिजीवी, शिक्षक र विद्यार्थी गरी करिब ११० जनाको सहभागिता रहेको प्रहरीले जनाएको छ।
सहभागी स्थानीयले आफ्नो क्षेत्रमा देखिएका सुरक्षा समस्या, प्रहरी सेवा तथा शान्ति सुरक्षासँग सम्बन्धित विषयमा धारणा र गुनासा राखेका थिए । नागरिकका समस्या र सुझावलाई सम्बोधन गर्दै प्रहरी तथा समुदायबीचको सहकार्य अझ प्रभावकारी बनाउनुपर्नेमा कार्यक्रममा जोड दिइएको थियो।
प्रहरीले स्थानीयसँग प्रत्यक्ष संवादमार्फत सुरक्षा चुनौती र समस्याको पहिचान गरी आवश्यक समन्वयबाट समाधानको पहल गर्ने उद्देश्यले नागरिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।
कार्यक्रममा शान्ति सुरक्षा कायम गर्न प्रहरीको मात्रै प्रयास पर्याप्त नहुने भएकाले स्थानीय तह, नागरिक, विद्यालय, सामाजिक सङ्घसंस्था तथा अन्य सरोकारवालाबीच निरन्तर सहकार्य आवश्यक रहेको सहभागीहरूले बताएका थिए।

# वडाध्यक्ष मण्डलको हृदयघातबाट निधन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको हँसपुर नगरपालिका–८ का वडाध्यक्ष तथा नेपाली कम्युनिस्ट पार्टीका नेता देव नारायण मण्डलको हृदयघातका कारण निधन भएको छ। स्थानीय तहका जनप्रतिनिधिका रूपमा कार्यरत मण्डल नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध रही राजनीतिक तथा सामाजिक गतिविधिमा सक्रिय थिए। वडाध्यक्षका रूपमा उनले स्थानीयस्तरमा विभिन्न कामको नेतृत्व गर्दै आएका थिए।
मण्डलको निधनको खबरसँगै हँसपुर नगरपालिका तथा आसपासका क्षेत्रमा शोक छाएको छ। उनको निधनले स्थानीयवासी, राजनीतिक सहकर्मी तथा शुभेच्छुक स्तब्ध भएका छन्।
मण्डलको निधनप्रति राजनीतिक सहकर्मी, जनप्रतिनिधि, स्थानीयवासी तथा शुभेच्छुकहरूले दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेका छन्।

# गंगासागर छठ पूजा समितिको अध्यक्षमा दास



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित श्री गंगासागर छठ पूजा समितिको अध्यक्षमा सतीशकुमार लालदास निर्वाचित भएका छन्।
समितिको नयाँ कार्यसमिति चयनका लागि असोज १७ गते भएको निर्वाचनमा लालदासले १९ मत प्राप्त गर्दै अध्यक्षमा निर्वाचित भएका हुन् । अध्यक्ष पदका उम्मेदवार सोनु निधिले १४ र कमलेश दासले ४ मत प्राप्त गरे।
उपाध्यक्षमा रामचन्द्र साह २२ मतसहित निर्वाचित हुँदा उनका प्रतिस्पर्धी सन्तोषकुमार गुप्ताले १४ मत प्राप्त गरे । सहसचिवमा महेश खत्वेले २५ मत प्राप्त गरी निर्वाचित भएका छन् भने मनोज झाले १६ मत पाए । कोषाध्यक्ष पदमा राजकुमार साह र शिवूलाल दासले समान १८ मत प्राप्त गरेपछि उक्त पदका लागि पुनः निर्वाचन हुने भएको छ।
सचिवमा मोहन राय तथा सदस्यमा बसन्त वाग्ले, केशव शर्मा, महेन्द्र खत्वे र मण्डल निर्वाचित भएको समितिले जनाएको छ।

# सवारी साधनमा कडाई गरिएपछि प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका–२ स्थित दसौता–इनर्वा नेपाल÷भारत सीमा सडकमा चारपाङ्ग्रे सवारीसाधनको आवतजावतमा कडाइ गरिएपछि स्थानीयले आइतबार बिहान केहीबेर चक्काजामसहित प्रदर्शन गरेका छन् । भारतीय नम्बर प्लेटका चारपाङ्ग्रे सवारीसाधनलाई उक्त नाकाबाट इन्ट्रीमा रोक लगाइएको भन्दै स्थानीय आक्रोशित भएका हुन् । कडाइका कारण सर्वसाधारणको आवतजावतदेखि अत्यावश्यक सेवासमेत प्रभावित भएको उनीहरुको गुनासो छ । स्थानीयको माग भारतीय सवारीसाधनले पनि सोही नाकाबाटै इन्ट्री पाउनुपर्ने भन्ने छ । उनीहरुले भिस्वा नाकामा जस्तै दसौता नाकामा पनि बिना रोकटोक चारपाङ्ग्रे सवारी आवतजावतको व्यवस्था गर्न माग गरेका छन्।
प्रदर्शनपछि सशस्त्र प्रहरी बल पर्साका प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्रीले स्थानीयसँग छलफल गरेका थिए । उनले स्थानीयका समस्या र माग समेटेर जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउन सुझाव दिएका छन्।

# भन्सार छलीका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साले जिल्लाका विभिन्न सीमा क्षेत्रबाट करिब १३ लाख २५ हजार ७१० रुपैयाँ बराबरका भन्सार छलीका सामान बरामद गरेको छ।
असोज १६ र १७ गते वीरगञ्जका इनर्वा, भन्सार मेनगेट, बोरिङ क्षेत्र, पकाहामैनपुरको सबैठवा तथा ड्राइपोर्ट क्षेत्रबाट कपडा, स्मार्ट टीभी, हार्डवेयर, एसी र विभिन्न औषधी बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।
यसैगरी वीरगंज महानगरपालिका–३१ स्थित भेडाहा खोलाबाट अवैध रूपमा बालुवा उत्खननमा प्रयोग भइरहेको १३ लाख रुपैयाँ मूल्यको ट्र्याक्टर समेत नियन्त्रणमा लिइएको छ। बरामद सामान आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय तथा ट्र्याक्टर जिल्ला समन्वय समिति पर्सामा बुझाइएको छ।

# रेडक्रसमा ११९ युनिट रगत मौज्दात, 'ओ' पोजेटिभ सबैभन्दा बढी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल रेडक्रस सोसाइटी धनुषा शाखामा हाल विभिन्न रक्त समूहका ११९ युनिट रगत मौज्दात रहेको छ।
शाखाले सार्वजनिक गरेको असोज १८ गते आइतबारको रक्त भण्डार विवरणअनुसार 'ए' पोजेटिभ २ युनिट, 'बी' पोजेटिभ ३७ युनिट, 'ओ' पोजेटिभ ६१ युनिट, 'एबी' पोजेटिभ १ युनिट, 'ओ' नेगेटिभ १ युनिट र 'एबी' नेगेटिभ २ युनिट रगत भण्डारणमा रहेको छ। मौज्दातमध्ये 'ओ' पोजेटिभ समूहको रगत सबैभन्दा बढी छ।
विभिन्न स्वास्थ्य संस्थामा उपचाररत बिरामी तथा आकस्मिक अवस्थाका बिरामीलाई आवश्यक पर्ने रगतको माग बढिरहेकाले नियमित रक्तदान आवश्यक रहेको रेडक्रसले जनाएको छ । नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाका सभापति पंकजकुमार महतोले रक्तदानलाई नियमित सामाजिक जिम्मेवारीका रूपमा अघि बढाउनुपर्ने बताए । रगत कृत्रिम रूपमा उत्पादन गर्न नसकिने भएकाले स्वस्थ व्यक्तिले समय–समयमा रक्तदान गरेर बिरामीको जीवन बचाउन सहयोग गर्नुपर्ने उनको भनाइ छ।
आपत्कालीन अवस्थामा रगतको अभाव हुन नदिन रक्तदान अभियानलाई निरन्तरता दिन आवश्यक रहेको महतोले बताए । उनले युवालगायत सबै स्वस्थ नागरिकलाई रक्तदानमा सहभागी हुन आग्रह गर्दै एक युनिट रगतले समेत कसैको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने बताए।
रेडक्रस धनुषाले आवश्यक परेका बिरामीलाई रक्त सेवा उपलब्ध गराउँदै आएको जनाएको छ । शाखाले स्वस्थ तथा रक्तदान गर्न इच्छुक नागरिकलाई नियमित रक्तदानका लागि आह्वान गर्दै 'रक्तदान गरौँ, जीवन बचाऔँ' भन्ने सन्देशसहित अभियानलाई निरन्तरता दिएको जनाएको छ।

# रास्वपा सांसद सिंहसति १४ जना विरुद्ध मुद्दा

**मधेशदृष्टि**
**कलैया।**
बारा क्षेत्र नम्बर २ रास्वपाका सांसद चन्दनकुमार सिंहसहित १४ जनाविरुद्ध भेदभाव तथा अपमानजनक व्यवहारसम्बन्धी मुद्दा दर्ता भएको छ । उच्च अदालत जनकपुरको वीरगंज इजलासबाट जारी परमादेशपछि जिल्ला प्रहरी कार्यालय बाराले गत असोज ६ गते सिंहसहित १४ जनाविरुद्ध मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको हो।
देवताल गाउँपालिका–५ का ३१ वर्षीय गनपत कुमार महतोले सांसद सिंहसहितका व्यक्तिविरुद्ध जाहेरी दिएका हुन् । महतोले आफूले गाउँमा भइरहेका गलत गतिविधिको विरोध गरेपछि सामाजिक रूपमा बहिष्कार गर्ने निर्णय गरिएको र आफू तथा आफ्नो परिवारलाई सामाजिक तथा धार्मिक कार्यक्रममा सहभागी हुनसमेत रोक लगाइएको आरोप लगाएका छन्।
यस विषयमा जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले उच्च अदालतको परमादेशपछि मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको जानकारी दिएका छन्।

# प्रभु साहको निष्कर्ष: 'फेक शासन'को...

विषयलाई पनि साहले प्रतिवेदनमा प्रमुखताका साथ उठाएका छन् । भारत र चीनसँगको सम्बन्धमा असन्तुलन बढ्दै गएको तथा छिमेकी मुलुकलाई विश्वासमा लिन सक्रिय कूटनीतिक संवाद गर्न सरकार असफल भएको उनको आरोप छ।
विदेशी नागरिकलाई राज्यका उच्च पदमा पुग्ने कानुनी बाटो खोल्ने प्रयास, प्राकृतिक स्रोतमा विदेशी लगानी तथा नियन्त्रणको सम्भावना र विदेशी नागरिकलाई वंशजको नागरिकता दिने बहसले नेपालको राष्ट्रिय हित र स्वाधीनतामाथि जोखिम निम्त्याउन सक्ने प्रतिवेदनमा उल्लेख छ। नेपालको पूँजी विदेश पलायन गराउने नीतिले भविष्यमा थप गम्भीर आर्थिक तथा राष्ट्रिय संकट निम्त्याउने साहको चेतावनी छ।

**अर्थतन्त्र संकटमा, सुशासन नारामै सीमित भएको आरोप**

आर्थिक अवस्थाप्रति पनि साहले सरकारमाथि तीव्र आलोचना गरेका छन् । अधिकांश आर्थिक सूचक नकारात्मक रहेको, ऋणको भार बढिरहेको, पूँजी पलायन तीव्र बनेको तथा आयात–निर्यातबीचको असन्तुलन गहिरिँदै गएको प्रतिवेदनमा उल्लेख छ।
विदेशी लगानी अपेक्षामै सीमित रहेको, सम्पत्ति शुद्धीकरणसम्बन्धी समस्याका कारण नेपाल ग्रे–लिस्टमा परेको, बैंक तथा वित्तीय क्षेत्रमा ठगी बढेको, शेयर बजार कमजोर बनेको र महँगी नियन्त्रण गर्न सरकार असफल भएको उनको दाबी छ । विकास खर्च कमजोर हुनु, प्राकृतिक स्रोतको दोहन, सरकारी संस्थाहरू कमजोर पारिनु तथा उत्पादन र व्यवसायमाथि बढ्दो करको बोझले उद्योग–व्यवसाय संकटमा परेको साहले बताएका छन्।
सरकारको 'सुशासन'को दाबी पनि व्यवहारमा देखिन नसकेको उनको आरोप छ । सरकारी सेवा लिन सर्वसाधारणले घण्टौं लाइन बस्नुपर्ने अवस्था कायमै रहेको, राजनीतिक नियुक्तिमा मनपरी भएको तथा पारदर्शी नियुक्तिका लागि ल्याइएको व्यवस्थालाई निष्क्रिय पार्दै पुरानै प्रक्रियाबाट निकटस्थ व्यक्तिलाई नियुक्त गरिएको साहको दाबी छ।

**जेनजी आन्दोलनको उपलब्धि अधुरो रहेको निष्कर्ष**

साहले जेनजी आन्दोलनलाई नेपालको पछिल्लो राजनीतिक इतिहासको महत्वपूर्ण घटना माने पनि त्यसले अपेक्षित राजनीतिक निकास दिन नसकेको बताएका छन् । उनका अनुसार आन्दोलनपछि पनि पुरानै संरचना कायम छ । भ्रष्टाचार र अनियमिततामा संलग्न व्यक्तिमाथि प्रभावकारी कारबाही हुन नसकेको तथा आन्दोलनका क्रममा अग्रभागमा रहेका युवा र घाइतेहरूले न्याय नपाएको उनको दाबी छ।
आन्दोलनलाई एकातर्फ दमन गर्ने र अर्कोतर्फ त्यसकै उपलब्धिलाई राजनीतिक स्वार्थका लागि प्रयोग गर्ने प्रवृत्तिका कारण जेनजी आन्दोलन अपूर्ण बनेको साहको विश्लेषण छ । निर्वाचन प्रक्रिया, सामाजिक सञ्जालमार्फत हुने दुष्प्रचार, फेक आईडीको प्रयोग तथा निर्वाचन आचारसंहिताको कार्यान्वयनबारे पनि प्रतिवेदनले प्रश्न उठाएको छ।

**'अग्रगामी मोर्चा'मार्फत संघर्ष गर्ने प्रस्ताव**

आजपाले वर्तमान राजनीतिक संकटको निकासका लागि 'अग्रगामी मोर्चा'लाई महत्वपूर्ण राजनीतिक विकल्पका रूपमा अघि सारेको छ। साहका अनुसार जेनजी आन्दोलनपछि पनि राजनीतिक निकास निस्कन नसकेको अवस्थामा प्रमुख दलभित्रको विवाद र द्वन्द्व बढिरहेको छ । यस्तो अवस्थामा यथास्थितिविरुद्ध अग्रगामी सोच राख्ने राजनीतिक शक्तिहरू एक ठाउँमा आउनुपर्ने आवश्यकता छ।
आम जनता पार्टीसहित जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी, नेपाल जनमुक्ति पार्टी र खम्बुवान राष्ट्रिय मोर्चालगायत शक्तिहरू सहभागी अग्रगामी मोर्चा सत्ता प्राप्तिका लागि नभई संघर्षका लागि निर्माण गरिएको साहले बताएका छन्।

**भोटेकोशी बाढीलाई जलवायु संकटसँग जोडियो**

प्रतिवेदनमा रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीप्रति पनि गम्भीर चिन्ता व्यक्त गरिएको छ। जलवायु परिवर्तनका कारण नेपालले आफ्नो क्षमताभन्दा ठूलो क्षति व्यहोर्नुपरेको साहको निष्कर्ष छ । जलवायु न्यायको मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा सशक्त ढंगले उठाउनुपर्ने र कोप सम्मेलन तथा संयुक्त राष्ट्रसंघजस्ता मञ्चमा नेपालले प्रभावकारी आवाज उठाउनुपर्ने माग पनि उनले गरेका छन्।

**विश्व शक्ति संघर्षको प्रभाव नेपालमा पर्ने चेतावनी**

अमेरिका–इरान, रुस–युक्रेन तथा इजरायल–प्यालेस्टाइन द्वन्द्वसहित विश्व राजनीतिमा बढ्दो तनावले नयाँ शक्ति सन्तुलन निर्माण गरिरहेको साहको प्रतिवेदनमा उल्लेख छ।
अमेरिकाको प्रभाव कमजोर हुँदै गएको, चीन महाशक्तिका रूपमा उदाउँदै गएको र भारत आर्थिक रूपमा थप शक्तिशाली बन्दै गएको विश्लेषण गर्दै उनले विश्व शक्ति राष्ट्रबीचको प्रतिस्पर्धाको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव नेपालमा समेत पर्ने बताएका छन् । यस्तो अवस्थामा नेपालको राष्ट्रिय स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितलाई राजनीतिको केन्द्रमा राख्नुपर्ने उनको निष्कर्ष छ।

**'फेक शासन'विरुद्ध आन्दोलन चर्काउने कार्यदिशा**

आजपाले आगामी दिनमा 'फेक शासन' र छद्म राजनीतिको भण्डाफोरलाई प्राथमिक राजनीतिक अभियान बनाउने भएको छ। दलाल पुँजीवादी वर्ग र व्यवस्थाको विरोध गर्दै जनताको शासन व्यवस्थाका पक्षमा जनमत निर्माण गर्ने तथा अग्रगामी मोर्चालाई थप प्रभावकारी बनाउने योजना प्रतिवेदनमा अघि सारिएको छ । गलत संवैधानिक व्यवस्था, व्यवस्था र अवस्थाबीचको अन्तर, विदेशी हस्तक्षेप तथा षड्यन्त्र, जेनजी आन्दोलनको अपहरण र लोकतन्त्र तथा दलतन्त्रबीचको अन्तरबारे जनचेतना अभियान सञ्चालन गर्ने आजपाको योजना छ।
संगठनलाई पालिका तथा वडा तहसम्म विस्तार गर्ने, युवालाई प्राथमिकतामा राख्ने, महिला तथा दलित समुदायको सहभागिता बढाउने र प्रदेशदेखि पालिकासम्म संगठनात्मक गतिविधि तीव्र पार्ने कार्यदिशा पनि तय गरिएको छ।
त्यस्तै कर आतंक, महँगी, सरकारी सेवामा हुने सास्ती, मलखाद अभावलगायत जनसरोकारका विषयलाई लिएर आन्दोलन गर्ने, जेनजी आन्दोलनलाई सार्थक निष्कर्षमा पु–याउन संघर्ष जारी राख्ने तथा विदेशी हस्तक्षेपविरुद्ध प्रतिवाद गर्ने योजना पनि प्रतिवेदनमा समेटिएको छ।
आजपाले लोकतान्त्रिक अधिकारको रक्षाका लागि सर्वसत्तावादविरुद्ध अभियान सञ्चालन गर्ने, सामाजिक सञ्जाल तथा सञ्चारमाध्यम परिचालनलाई व्यवस्थित बनाउने र प्रत्येक संगठनात्मक इकाइमा आईटी सेल गठन गर्ने प्रस्तावसमेत अघि सारेको छ।

# मितेरी पुलमै बरामद भयो ११ किलो...

गरेको शंकास्पद ई–रिक्सालाई रोकेर सुरक्षा टोलीले खानतलासी गर्दा रिक्साभित्र लुकाएर राखिएको बोराबाट २२ वटा कालो प्लास्टिकका प्याकेट फेला परेका थिए। ती प्याकेटमा ११ किलो २४६ ग्राम चरेस प्याक गरिएको अवस्थामा बरामद भएको भारतीय सुरक्षा निकायले जनाएको छ।
चरेससहित पक्राउ पर्नेमा वीरगंज महानगरपालिका–छपकैयाका ३९ वर्षीय अमर चौधरी रहेका छन् । बरामद लागूऔषध र ई–रिक्सासहित चौधरीलाई आवश्यक कानुनी कारबाहीका लागि रक्सौलस्थित हरैया थानाको जिम्मा लगाइएको एसएसबीले जनाएको छ । प्रारम्भिक अनुसन्धानबाट बरामद चरेस मकवानपुरका विभिन्न स्थानबाट सङ्कलन गरी बारा र पर्साको बाटो हुँदै भारत पु¥याउने तयारी गरिएको खुलेको भारतीय सुरक्षा निकायले जनाएको छ।
तर, घटनाको अर्को गम्भीर पक्ष भनेको मकवानपुरदेखि वीरगंजको सीमासम्म राजमार्ग तथा विभिन्न सुरक्षा जाँचस्थल पार गर्दै ११ किलोभन्दा बढी लागूऔषध पुगेको तथ्य हो । ठूलो परिमाणमा चरेस नेपालका विभिन्न सुरक्षा जाँचस्थल पार गरेर मितेरी पुलसम्म आइपुग्नु र भारतीय भूमिमा प्रवेश गर्ने क्रममा मात्रै बरामद हुनुले नेपालतर्फको सुरक्षा निगरानी र चेकजाँच प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ । खुला सीमाको फाइदा उठाउँदै लागूऔषधको अन्तरदेशीय कारोबार तथा ओसारपसार भइरहेको यो घटनाले सीमा क्षेत्रमा मात्रै नभई नेपालभित्रै लागूऔषधको स्रोत, ओसारपसारको मार्ग र संलग्न सञ्जालमाथि समेत प्रभावकारी निगरानी आवश्यक रहेको देखाएको छ । विशेषगरी मकवानपुरबाट बारा–पर्सा हुँदै वीरगंज नाकासम्म ठूलो परिमाणको लागूऔषध कसरी सहज रूपमा पुग्यो भन्ने विषयमा गहिरो अनुसन्धान र सुरक्षा संयन्त्रबीच समन्वय आवश्यक देखिएको छ।

# लक्ष्मीनिया गाउँपालिकाको....

उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाको प्रकृति, समिति गठन, लागत सहभागिता र भुक्तानी प्रक्रियालाई कानुनअनुसार व्यवस्थित गर्न सुझाव दिइएको छ।
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका पोखरी तथा हाटबजारको विवरणसमेत यकिन नगरेको र आर्थिक वर्ष २०८१÷८२ मा तिनको ठेक्का व्यवस्थापन नगरेको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका यस्ता स्रोतबाट ठेक्का लगाएर आन्तरिक राजस्व बढाउन सकिने भए पनि त्यसतर्फ पर्याप्त पहल नभएको महालेखापरीक्षकको भनाइ छ । गाउँपालिकाको कुल आन्तरिक आय ८१ लाख १५ हजार ३८८ रुपैयाँ रहेको छ, जुन संघीय अनुदानबाट भएको खर्चको तुलनामा करिब ३.३७ प्रतिशत मात्रै हो।
शिक्षातर्फ विद्यालयलाई प्रदान गरिएको अनुदान, छात्रवृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, कक्षा ८ परीक्षा सञ्चालन तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनमा समेत विभिन्न कैफियत देखिएको छ । लेखापरीक्षणपछि प्रमाण तथा आवश्यक कागजात पेस भएका कतिपय रकम सम्परीक्षण गरी लगत कट्टा गरिएको छ । निःशुल्क पाठ्यपुस्तकतर्फ ३३ हजार १२२ रुपैयाँ, दिवा खाजातर्फ ४२ हजार ९०० रुपैयाँ र डिजिटल सिकाइ सामग्री व्यवस्थापनतर्फ ३ हजार ६०० रुपैयाँ सम्परीक्षण भएको प्रतिवेदनमा उल्लेख छ। विद्यालयगत शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा तथा विद्यालयका अभिलेख अद्यावधिक गर्न पनि सुझाव दिइएको छ।
प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गाउँपालिकाले सात वडामा १७ वटा योजनामार्फत ११३ जनालाई औसत ३२.६४ दिन रोजगारी दिएको थियो। त्यसका लागि २४ लाख ६४ हजार २५२ रुपैयाँ श्रमिक ज्याला भुक्तानी गरिएको छ । तर, गाउँपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाबीच दोहोरोपन नरहेको सुनिश्चित गर्ने आधार स्पष्ट नभएको महालेखापरीक्षकले जनाएको छ । कार्यक्रमबाट अल्पकालीन रोजगारी सिर्जना भए पनि दीर्घकालीन रोजगारी तथा दिगो प्रतिफल सुनिश्चित हुने अवस्था नदेखिएकाले निर्देशिकाअनुसार कार्यक्रम सञ्चालन गर्न सुझाव दिइएको छ।
निर्माण कार्यतर्फ प्राविधिक मूल्याङ्कन, नापी, ठेक्का, बिल तथा कार्यसम्पन्न कागजातमा मिति र नापी किताब नम्बर स्पष्ट रूपमा उल्लेख नभएको पनि प्रतिवेदनमा औँल्याइएको छ । यसले काम तोकिएको समयमै सम्पन्न भए–नभएको यकिन गर्न कठिन हुने भएकाले निर्माणसम्बन्धी कागजात व्यवस्थित राख्न सुझाव दिइएको छ।
महालेखापरीक्षकको प्रतिवेदनले लक्ष्मीनिया गाउँपालिकाको वित्तीय विवरण, आन्तरिक नियन्त्रण प्रणाली, सम्पत्ति संरक्षण, स्रोत साधनको उपयोग, बजेट कार्यान्वयन, विकास प्रशासन, अनुदान वितरण, सेवा प्रवाह तथा सुशासनका क्षेत्रमा सुधार आवश्यक रहेको औँल्याएको छ। बेरुजु फछ्र्योटमा मात्र केन्द्रित नभई यस्ता समस्या आगामी वर्ष दोहोरिन नदिने गरी आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउनुपर्ने प्रतिवेदनको निष्कर्ष छ।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

२०८३ साल असोज १९ गते सोमबार
Monday 05 - October 2026

## लक्ष्मीनिया गाउँपालिकाको

# बेथिति ३१ करोड बढी बेरुजु



मधेशदृष्टि
जनकपुरधाम।
धनुषाको लक्ष्मीनिया गाउँपालिकामा आर्थिक वर्ष २०८१/८२ मा २ करोड ९१ लाख ६४ हजार ३९८ रुपैयाँ बेरुजु कायम भएको छ। महालेखापरीक्षकको कार्यालयले गरेको लेखापरीक्षणका क्रममा गाउँपालिकाको वित्तीय कारोबार, बजेट व्यवस्थापन, योजना छनोट, खरिद प्रक्रिया, आन्तरिक आय संकलन तथा कार्यक्रम कार्यान्वयनमा विभिन्न कमजोरी देखिएका हुन्।

महालेखापरीक्षकको प्रतिवेदनअनुसार गाउँपालिकाको आय तथा व्ययतर्फ करिब १ अर्ब १ करोड रुपैयाँ बराबरको कारोबार परीक्षण गर्दा प्रारम्भिक रूपमा ३ करोड २२ लाख ७१ हजार ७७६ रुपैयाँ बेरुजु देखिएको थियो । गाउँपालिकाले लेखापरीक्षणका क्रममा पेस गरेका प्रतिक्रिया, प्रमाण तथा कागजातका आधारमा ३१ लाख ७ हजार ३७८ रुपैयाँ सम्परीक्षण भएपछि बाँकी २ करोड ९१ लाख ६४ हजार ३९८ रुपैयाँ बेरुजु कायम भएको हो।

कायम बेरुजुमध्ये असुल गर्नुपर्ने, प्रमाण कागजात पेस गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा पेश्की फछ्र्योट हुन बाँकी रकम छन् । प्रतिवेदनअनुसार करिब १ लाख ९४ हजार रुपैयाँ असुल गर्नुपर्ने, १ करोड ४० लाख ३८ हजार रुपैयाँ प्रमाण कागजात पेस गर्नुपर्ने, २२ लाख २४ हजार रुपैयाँ नियमित गर्नुपर्ने र १ करोड २७ लाख ७ हजार रुपैयाँ पेश्की बाँकी रहेको छ।

गाउँपालिकाको विगतदेखिको बेरुजु पनि ठूलो रहेको छ । अघिल्लो वर्षसम्म कायम रहेको करिब २९ करोड ५४ लाख १२ हजार रुपैयाँ बेरुजुमध्ये केही रकम सम्परीक्षण भए पनि चालु वर्षको बेरुजुसमेत जोड्दा अद्यावधिक बेरुजु ३१ करोड ६८ लाख २१ हजार रुपैयाँभन्दा बढी पुगेको प्रतिवेदनमा उल्लेख छ।

महालेखापरीक्षकले गाउँपालिकाले तयार गरेको वित्तीय विवरणमा सबै आर्थिक कारोबार समेटिन नसकेको समेत औँल्याएको छ। सामाजिक सुरक्षा तथा संरक्षणतर्फ १४ करोड ४७ लाख ६० हजार रुपैयाँ, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ ५८ लाख ५१ हजार रुपैयाँ र रोजगार प्रवद्र्धन कार्यक्रमतर्फ ४ लाख ५०० रुपैयाँ गरी करिब १५ करोड ६ लाख ५२ हजार रुपैयाँ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा लेखाङ्कन नभएको पाइएको छ।

गाउँपालिकाले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीसँगै एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली प्रयोग गर्दै आएको भए पनि एउटै योजना वा कार्यक्रमको खर्चलाई दुवै प्रणालीमा एकीकृत गर्ने व्यवस्था नहुँदा वास्तविक खर्च यकिन गर्न कठिन भएको प्रतिवेदनले जनाएको छ । एकीकृत आर्थिक विवरण र सूत्रबाट तयार गरिएको वार्षिक प्रतिवेदनबीच प्राप्ति, भुक्तानी तथा बैंक मौज्दातमा समेत फरक देखिएको छ। प्राप्तितर्फ १५ करोड ६८ लाख ४३ हजार रुपैयाँभन्दा बढी र भुक्तानीतर्फ १५ करोड ४२ लाख २३ हजार रुपैयाँभन्दा बढीको अन्तर देखिएको छ।

बजेट व्यवस्थापनमा समेत गाउँपालिकाले कानुनी समयसीमा पालना नगरेको पाइएको छ । आर्थिक वर्ष २०८१/८२ का लागि ४८ करोड ७७ लाख ५० हजार रुपैयाँको बजेट असार १० गते सभामा पेस गरिएको भए पनि पुस २५ गते मात्रै पारित भएको थियो । बजेट खर्च गर्ने अख्तियारीसमेत पुस २६ गते दिइएको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहले असार मसान्तभित्र बजेट पारित गर्नुपर्ने कानुनी व्यवस्था रहेकाले आगामी दिनमा समयमै बजेट पारित गरी खर्चको अख्तियारी दिन महालेखापरीक्षकले सुझाव दिएको छ।

आगामी आर्थिक वर्षको आय प्रक्षेपण, स्रोतको सन्तुलित वितरण तथा बजेट सीमा निर्धारणका लागि गठन गर्नुपर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति पनि गाउँपालिकाले गठन नगरेको पाइएको छ।

यस्तै, स्पष्ट कार्यक्रम नखुलाई २७ वटा योजना तथा कार्यक्रममा १ करोड ५८ लाख १ हजार ८७० रुपैयाँ अवण्डा बजेट राखेर कार्यपालिकाको निर्णयका आधारमा खर्च गरिएको प्रतिवेदनमा उल्लेख छ । विकलको तलब भुक्तानी, डीपीआर तयारी, सिलाइ मेसिन खरिद तथा विभिन्न शुल्कलगायतका काममा समेत यस्तो बजेट प्रयोग गरिएको पाइएको छ। बजेटलाई अवण्डा राखेर खर्च गर्ने अभ्यासले वित्तीय अनुशासन र पारदर्शितामा असर पार्ने भएकाले यस्तो अभ्यास रोक्न महालेखापरीक्षकले भनेको छ।

आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाले वडा तथा पालिकास्तरमा १४६ वटा योजना तथा कार्यक्रम सञ्चालन गरेको थियो । ती योजनामा १० करोड ९६ लाख ९ हजार ७३ रुपैयाँ खर्च भएको छ । तर, अधिकांश योजना साना तथा वितरणमुखी प्रकृतिका रहेको प्रतिवेदनको टिप्पणी छ । १४६ योजनामध्ये ५ लाख रुपैयाँभन्दा कम लागतका मात्रै ६७ वटा योजना छन्, जुन कुल योजनाको करिब ४५.८९ प्रतिशत हो। दीर्घकालीन प्रतिफल दिने ठूला तथा प्राथमिकतामा आधारित योजनालाई प्राथमिकता दिन महालेखापरीक्षकले सुझाव दिएको छ।

गाउँपालिकाले आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा प्रशासनिक क्षेत्रका लागि बजेट विनियोजन गरेको थियो। कुल ४७ करोड ७२ लाख ४९ हजार ९७० रुपैयाँ बजेटमध्ये ३४ करोड ८५ लाख ४६ हजार २३२ रुपैयाँ खर्च भएको छ। यो कुल बजेटको ७३.०३ प्रतिशत हो । सामाजिक विकासतर्फ ८१.७७ प्रतिशत, आर्थिक विकासतर्फ ७९.२६ प्रतिशत, पूर्वाधार विकासतर्फ ६३.९४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४८.२८ प्रतिशत खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

गाउँपालिकाले विभिन्न शीर्षकमा १७ करोड २३ लाख ९० हजार ४२ रुपैयाँ बजेट विनियोजन गरी करिब १० करोड ३५ लाख ८७ हजार १२५ रुपैयाँ बराबरको पुँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको थियो। तर, आफ्नै खरिद नियमावली नबनाएको अवस्थामा वार्षिक खरिद योजना तथा गुरुयोजना तयार नगरी खरिदसम्बन्धी काम गरिएको महालेखापरीक्षकले जनाएको छ।

विकास निर्माणका काममा उपभोक्ता समितिको प्रयोगमा समेत कमजोरी देखिएको छ । योजनामा संलग्न उपभोक्ता समितिको व्यवस्थित अभिलेख नराखिएको तथा हेभी मेसिनरी प्रयोग हुने कामसमेत उपभोक्ता समितिमार्फत गराइएको पाइएको छ।

बाँकी पृष्ठ ३ मा

## कुटपिटमा संलग्नलाई पक्राउ नगरिएको पीडितको गुनासो



मधेशदृष्टि
जनकपुरधाम।
धनुषाको कमला नगरपालिका–७ का शिवकुमार कौशलले आफू र छोरामाथि कुटपिट गरेको आरोप लागेका व्यक्तिहरूलाई प्रहरीले अझै पक्राउ नगरेको भन्दै न्यायका लागि पहल गरिदिन आग्रह गरेका छन्।

जग्गासम्बन्धी विवादका क्रममा आफू र छोरामाथि कुटपिट भएको भन्दै प्रहरीमा जाहेरी दिइसक्दा पनि घटनामा संलग्न भनिएका व्यक्तिहरूलाई पक्राउ गरी कानुनी कारबाही अघि नबढाइएको उनको आरोप छ।

कौशलले आफूहरूमाथि भएको घटनाका दोषीलाई कानुनी दायरामा ल्याएर आफूले न्याय पाउनुपर्ने बताएका छन् । घटनापछि उपचार गराउनुपरेको अवस्थामा समेत प्रहरीबाट प्रभावकारी अनुसन्धान र कारबाही नभएको उनको गुनासो छ । कौशलका अनुसार २०८३ साउन १५ गते राति कमला नगरपालिका–७ स्थित खेतमा जग्गासम्बन्धी विवादलाई लिएर उनी र उनका छोरा चन्द्रिका कौशलमाथि कुटपिट भएको थियो । कुटपिटमा आफू र छोरा घाइते भएको भन्दै उनले जिल्ला प्रहरी कार्यालय धनुषामा नवीनकुमार महतो, धर्मेन्द्रकुमार महतो र रूपेशकुमार महतोविरुद्ध ज्यान मार्ने उद्योगसम्बन्धी जाहेरी दिएका छन्।

जाहेरीमा उनीहरूमाथि ढुंगा तथा लाठी प्रहार गरिएको र ज्यान मार्ने धम्कीसमेत दिइएको उल्लेख छ। कुटपिटबाट घाइते भएका आफू र छोराको उपचार जनकपुरधामस्थित जानकी मेडिकल कलेज शिक्षण अस्पताल, रामदैयामा गरिएको कौशलले बताएका छन् । कौशलले घटनाको निष्पक्ष अनुसन्धान गरी संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गर्न प्रहरीसँग माग गरेका छन्। उनले आफूहरूले कुनै व्यक्तिगत प्रतिशोध नभई कानुनी प्रक्रियामार्फत न्याय खोजिरहेको बताएका छन्।

'घटना भएको विषयमा जाहेरी दिइसकेपछि पनि संलग्न भनिएका व्यक्तिहरू पक्राउ नपर्दा हामीलाई न्याय पाइन्छ कि पाइँदैन भन्ने चिन्ता भएको छ,' कौशलको भनाइ छ।

कौशलले घटनामा संलग्न भनिएका व्यक्तिहरूलाई पक्राउ गरी अनुसन्धान अघि बढाउन र आफूले न्याय पाउने वातावरण बनाउन प्रहरी प्रशासनसँग आग्रह गरेका छन्।

## मितेरी पुलमै बरामद भयो ११ किलो चरेस, भारतीय भूमिमा पुगेर मात्रै रोकियो तस्करी

मधेशदृष्टि
वीरगंज।
वीरगंज–रक्सौल जोड्ने मितेरी पुल हुँदै भारततर्फ ठूलो परिमाणमा अवैध लागूऔषध चरेस लैजाँदै गरेको अवस्थामा एक नेपाली नागरिक पक्राउ परेका छन् । भारतीय सुरक्षा निकायले विशेष सूचनाका आधारमा गरेको संयुक्त चेकजाँचका क्रममा ११ किलोभन्दा बढी चरेससहित वीरगञ्जका एक युवकलाई नियन्त्रणमा लिएको हो।



भारततर्फ ठूलो मात्रामा लागूऔषध ओसारपसार हुन लागेको सूचनापछि एसडीपीओ मनिष कुमार आनन्दको कमान्डमा भारतीय प्रहरी र सशस्त्र सीमा बल (एसएसबी) को संयुक्त टोलीले शनिबार साँझ सीमावर्ती क्षेत्रमा विशेष निगरानी तथा चेकजाँच अभियान सञ्चालन गरेको थियो । सोही क्रममा वीरगंजबाट रक्सौलतर्फ जाँदै

बाँकी पृष्ठ ३ मा

## प्रभु साहको निष्कर्ष: 'फेक शासन'को भण्डाफोरदेखि नयाँ संविधानसम्म निर्णायक संघर्ष आवश्यक




मधेशदृष्टि
काठमाडौँ।
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले नेपाल गम्भीर राजनीतिक, आर्थिक, सामाजिक तथा राष्ट्रिय स्वाधीनताको संकटमा फस्दै गएको दाबी गर्दै वर्तमान 'सिस्टम'मै समस्या रहेको निष्कर्ष निकालेका छन् । उनले संकटबाट मुलुकलाई निकास दिन 'फेक शासन'को भण्डाफोर, प्रणाली सुधार र अन्ततः नयाँ संविधान निर्माणको दिशामा निर्णायक राजनीतिक संघर्ष आवश्यक रहेको बताएका छन्।

काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा–प्रतिष्ठानमा आइतबार बसेको आजपाको केन्द्रीय कमिटी बैठकमा साहले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा पछिल्लो राजनीतिक अवस्था, जेनजी आन्दोलन, लोकतन्त्र, राष्ट्रियता, अर्थतन्त्र, सुशासन, बाढीपीडितको अवस्था, अन्तर्राष्ट्रिय परिस्थिति र आगामी राजनीतिक कार्यदिशाबारे विस्तृत समीक्षा गरिएको छ।

साहले पछिल्ला राजनीतिक घटनाक्रमले जनतामा अपेक्षित परिवर्तन ल्याउन नसकेको दाबी गरेका छन्। ठूलो जनअपेक्षासहित बनेको सरकारले समयमै परिणाम दिन नसक्दा जनअसन्तोष बढेको, नेतृत्वप्रतिको विश्वास कमजोर हुँदै गएको र राज्यका संयन्त्रहरू प्रभावहीन बन्दै गएको उनको निष्कर्ष छ। उनले लोकतन्त्र कमजोर हुँदै सर्वसत्तावादी प्रवृत्ति हावी भएको आरोप लगाउँदै राज्यका जिम्मेवार निकायहरूको प्रभावकारितामाथि समेत प्रश्न उठाएका छन्।

### आन्दोलन हुन्छन्, परिवर्तन सम्झौतामै सीमित हुन्छ : साह

साहले नेपालको राजनीतिक इतिहासमा भएका ठूला आन्दोलनहरू अन्ततः सम्झौतामा टुंगिँदै आएको बताएका छन् । २००७ सालको परिवर्तनदेखि २०४६ सालको जनआन्दोलन, दशवर्षे जनयुद्ध, २०६२/६३ को जनआन्दोलन, मधेस आन्दोलन हुँदै पछिल्लो जेनजी आन्दोलनसम्म आइपुग्दा पनि अपेक्षित राजनीतिक परिवर्तन हासिल हुन नसकेको उनको विश्लेषण छ।

ठूला आन्दोलनपछि पनि पुरानै संरचना कायम रहनुको कारण आन्दोलन नभई सम्झौतापरस्त राजनीतिक संस्कार भएको साहको दाबी छ। उनका अनुसार सम्झौताले पुरानो र नयाँ दुवै शक्तिको अस्तित्व स्वीकार गर्ने भएकाले परिवर्तनको नाममा संरचनागत समस्या जस्ताको तस्तै रहने गरेको छ । यही कारण उनले अहिलेको आवश्यकता सरकार फेरबदल मात्र नभई 'सिस्टम सुधार' र 'फेक शासनको भण्डाफोर' भएको बताएका छन्।

### लोकतान्त्रिक अधिकार संकुचित हुँदै गएको आरोप

साहको प्रतिवेदनमा वर्तमान सरकारमाथि नागरिक स्वतन्त्रता र लोकतान्त्रिक अधिकार खुम्च्याउँदै लगेको आरोप लगाइएको छ। ट्रेड युनियन तथा विद्यार्थी संगठनमाथिको प्रतिबन्ध, आलोचक सञ्चारमाध्यममाथि हस्तक्षेप, पत्रकारमाथि मुद्दा, संसद्लाई प्रभावहीन बनाउने गतिविधि र संसद्लाई छलेर अध्यादेश ल्याउने प्रवृत्तिलाई उनले लोकतन्त्रविरोधी कदमका रूपमा व्याख्या गरेका छन्।

समानुपातिक तथा समावेशी अधिकार कमजोर पार्ने, संघीय संरचनामाथि हस्तक्षेप गर्ने, सुकुम्बासी बस्ती हटाउने, फुटपाथ व्यवसायीलाई विस्थापित गर्ने तथा गरिबका घरटहरा भत्काउने गतिविधिप्रति पनि प्रतिवेदनले आपत्ति जनाएको छ । न्यायपालिका र संवैधानिक निकायको स्वतन्त्रतामा हस्तक्षेप भइरहेको तथा प्रदेश र स्थानीय तहमा समेत अनावश्यक सरकारी हस्तक्षेप बढेको साहको दाबी छ।

### राष्ट्रिय स्वाधीनतामाथि चुनौती बढेको दाबी

राजनीतिक संकटसँगै राष्ट्रिय स्वाधीनताको

बाँकी पृष्ठ ३ मा




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-